

# बजार अवलोकन ४६

आश्विन, २०६९

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***मनसुनी वर्षायाम सकिएको र बाली भित्र्याउने काम भइरहेको हुनाले २०६९ आश्विन महिनामा देशभर विभिन्न बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको खुद्रा मूल्य न्यून रुपमा घट्यो वा स्थिर रह्यो।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदनका अनुसार, २०६९ भाद्र महिनामा वार्षिक मूल्य स्फीति ११.२ प्रतिशतले वृद्धि भयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १०.२ प्रतिशत बृद्धिको तुलनामा १०.४ प्रतिशतले बृद्धि भयो।***
- ***मनसुनी वर्षायामको अन्त्य सँगै सडक तथा गोरेटोहरुको पहुँचमा सुधार आई पहाडी तथा हिमाली जिल्लाहरुमा खाद्य बस्तुहरुको आपूर्तिमा बृद्धि भएको छ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि बिकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने खुद्रा बजारहरुमा गत एक महिनामा प्राय मूल्यहरु न्यूनरुपमा घट्यो वा स्थिर रहयो। मूल्यमा आएको यो कमी मुख्यत पहाडी क्षेत्रमा बाली भित्र्याइँदै हुनाले भएको हुन सक्दछ। मोटा चामलको मूल्यमा ४.० प्रतिशतका दरले कमी आइ प्रति किलो रु. ३५.५ भयो भने गहुँको पिठोको मूल्यमा ०.४ प्रतिशतका दरले न्यूनरुपमा बृद्धि भई प्रति किलो रु. ३७.८ भयो। मास र मुसुरो जस्ता दालहरुको मूल्यमा क्रमश: २.२ प्रतिशत र १.२ प्रतिशतका दरले न्यूनरुपमा बृद्धि भयो भने आलुको आपूर्तिमा बृद्धि भई आलुको मूल्य ३.८ प्रतिशतका दरले घट्यो। यद्यपि, २०६९ असार र २०६८ आश्विनको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति (trend) संकेत गरे।

२०६९ आश्विन महिनामा क्षेत्रीय बजारहरुमा खाद्य बस्तुहरुको मूल्यले मिश्रित प्रवृति देखाए। गत तीन महिना यताको लगातार मूल्य बृद्धि पश्चात मुख्य उपभोक्ता बजारहरुमा मोटा चामलको मूल्य घट्यो। त्यसैगरी तराईका बजारहरुमा पनि गत महिनाको तुलनामा यसको मूल्य न्यूनरुपमा घट्यो भने सडक पहुँच भएका पहाडी तथा हिमाली जिल्लाहरुमा यसको मूल्य स्थिर रहयो। तराई क्षेत्रमा चाडपर्वको अवसरमा माग बढ्नाले त्यहाँको मुख्य खाद्य बस्तु, गहुँको पिठोको मूल्यमा तीव्र बृद्धि भयो।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरुले बढ्दो प्रवृति देखाए। कालीमाटी फलफूल तथा तरकारी बजारमा गाँजर, करेला, र काक्रो जस्ता मौसम नभएका तरकारीहरुको मूल्य १५ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने काउली र बन्दा जस्ता हाल मौसम भएका तरकारीहरुको मूल्य १० प्रतिशत भन्दा बढीका दरले घट्यो। यसैगरी, चाडपर्वको अवसरमा उच्च मागका कारण स्याउ र सुन्तलाको थोक मूल्य १० प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो।

नेपाल राष्ट्र बैंक द्वारा २०६९ भाद्रमा प्रकाशित प्रतिवेदन अनुसार, वार्षिक मूल्य स्फीति गत वर्ष यही समयको ८.५ प्रतिशत बृद्धिको तुलनामा ११.२ प्रतिशतले बृद्धि भयो। खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १०.२ प्रतिशत बृद्धिको तुलनामा १०.४ प्रतिशतले बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क गत वर्ष यही समयको ०.६ प्रतिशत बृद्धिको तुलनामा ७.२ प्रतिशतले बृद्धि भयो। यातायातको मूल्य सूचकाङ्क पनि गत वर्ष यही समयको १२.७ प्रतिशत बृद्धिको तुलनामा १५.२ प्रतिशतका दरले बृद्धि भयो।

### आपूर्ति

मध्य आश्विनमा मनसुनी वर्षायाम सकिएको हुनाले पहाडी तथा हिमाली क्षेत्र सम्म पुग्ने सडक मार्गहरु सुचारु रुपमा सञ्चालनमा आई खाद्यान्न आपूर्तिमा सुधार आएको छ। यसैगरी, कोशी नदीमा फेरी (ferry) सेवा पुन सञ्चालनमा आए पछि कटारी-ओलखढुङ्गा-सोलुखुम्बु जोड्ने सडक पूर्ण रुपमा सञ्चालनमा आएको हुनाले कम यातायात लागतमा समयमा नै खाद्य बस्तुहरुको ढुवानीमा सघाउ पुगेको छ।

### पूर्वानुमान

पहाडी क्षेत्रमा मुख्य वर्षे बाली भित्र्याउने क्रम सुरु भइसकेको हुनाले बजारमा खाद्यान्न माग घट्ने अनुमान छ, अत: मुख्य खाद्य बस्तुहरुको मूल्य न्यून रहने अनुमान छ। आउँदा महिनाहरुमा करेला जस्ता मौसम नभएका तरकारीहरुको मूल्यमा बृद्धि हुने र काउली र बन्दा जस्ता हाल मौसम भएका तरकारीहरुको मूल्य भने घट्ने अनुमान छ।

मुख्यत पहाडी क्षेत्रमा वर्षे बाली भित्र्याइँदै हुनाले घरधुरी स्तरमा केही महिनाका लागि भए पनि खाद्य सँचितीमा बृद्धि भएको छ। धान बाली लगाउने समयमा गरिएको पूर्वानुमानको तुलनामा हाल वर्षे बालीको उत्पादन पूर्वानुमान राम्रो भएतापनि गत वर्षको भन्दा कम उत्पादन हुने अनुमान छ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| काउली, बन्दा र रायो | विभिन्न | -(>१०) | हाल यी तरकारीहरुको मौसम भएकोले आपूर्तिमा बृद्धि भएको |
| गाँजर, करेला र काक्रो | विभिन्न | >१५ | चाडै बिग्रने र मौसम नभएको हुनाले आपूर्तिमा कमी आएको। |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

† मूल्यहरु २०६९ आश्विन महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-४५

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- आश्विन, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३६.० | -१२.२ | -२.७ | ५.९ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | -२.९ | -५.६ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४३.० | ०.० | ०.० | १६.३ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २७५.० | -१.८ | १२.२ | २२.२ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १९३.० | ०.० | ९.० | ४५.१ | ▶ | ▶ | ▲ |
| | मास | ११३.० | ७.६ | २.७ | ७.६ | ▲ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ०.० | ०.० | १४.४ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | १४.३ | १४.३ | ▶ | ▲ | ▶ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | २.९ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५५.० | -३.१ | -०.६ | २८.१ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३२४.० | -१.८ | ८.० | २०.० | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | ८.४ | २०.० | ▶ | ▶ | ▲ |
| | मास | ११५.० | -४.२ | ०.० | ४.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ४.८ | १५.८ | २९.४ | ▶ | ▲ | ▲ |
| | आलु | ५०.० | ११.१ | १९.० | ७९.९ | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३०.० | -१३.५ | -२.२ | ०.० | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | ०.० | ११.१ | ०.० | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १४५.० | -३.३ | २.४ | १६.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ४.० | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८५.० | १२.१ | ५.७ | ३२.१ | ▲ | ▶ | ▲ |
| | मास | १००.० | ११.१ | ११.१ | ०.० | ▲ | ▲ | ▶ |
| | मुसुरो | ९५.० | -५.० | २२.३ | २६.७ | ▶ | ▲ | ▲ |
| | आलु | ३५.० | १४.१ | ३८.२ | २८.२ | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३५.० | ०.० | २.९ | -४.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | ०.० | ७.१ | -३.२ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | १५.४ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मास | ९५.० | -३.१ | ३.३ | ३.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | १७.० | १९.६ | ४६.७ | ▲ | ▲ | ▲ |
| | आलु | ३०.० | ०.० | ७.१ | २३.० | ▶ | ▶ | ▲ |
| नेपालगंज | मोटा चामल | ३०.० | ०.० | ७.१ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | १४.३ | ३१.५ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | १२.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | ९०.० | ०.० | १०.२ | ६.३ | ▶ | ▲ | ▶ |
| | मुसुरो | ९०.० | ०.० | २०.० | २८.६ | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| धनगढी | मोटा चामल | ३२.० | ३.२ | १४.३ | -११.१ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | १८.५ | ६.७ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १२२.० | ०.० | १.७ | २२.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २५०.० | -४.६ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १५८.० | ०.० | -७.१ | २०.६ | ▶ | ▶ | ▲ |
| | मास | १३५.० | १.३ | ८.६ | २.९ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | -५.४ | ३१.३ | ५.० | ▼ | ▲ | ▶ |
| | आलु | ३५.० | -१२.५ | -१२.५ | -१२.५ | ▼ | ▼ | ▶ |
| भैरहवा | मोटा चामल | २९.० | -३.३ | ३.६ | ३.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | २९.६ | ९.४ | -२.८ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १४५.० | -३.३ | ३.६ | ६१.१ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ८.३ | -७.१ | ८.३ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १९५.० | ८.३ | ८.३ | ३०.० | ▲ | ▶ | ▲ |
| | मास | १२०.० | ३०.४ | ४६.९ | ९.१ | ▲ | ▲ | ▶ |
| | मुसुरो | १००.० | -४.८ | ३३.३ | ११.१ | ▶ | ▲ | ▶ |
| | आलु | ३०.० | ७.१ | ०.० | १००.० | ▲ | ▶ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ६.५ | १०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ३.४ | २०.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | -६.७ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | ०.० | ४.५ | ४०.२ | ▶ | ▶ | ▲ |
| | आलु | ४३.० | ७.५ | २२.९ | ४३.३ | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | २१.४ | ३६.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ४२.९ | २१.२ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | २५.० | ३६.४ | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | २८०.० | ०.० | १२.० | ३.७ | ▶ | ▲ | ▶ |
| | मास | ११०.० | ०.० | -१२.० | -१२.० | ▶ | ▼ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ३७.५ | ४.८ | ▶ | ▲ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| सांफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | -७.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -१२.५ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ३००.० | -६.३ | -१४.३ | ७.१ | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | -७.७ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -८.३ | -८.३ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ११.१ | २५.० | ▶ | ▲ | ▲ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | ११.१ | ११.१ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | १६.७ | १६.७ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -१४.३ | -२५.० | -१४.३ | ▼ | ▼ | ▶ |
| बाजुरा | मोटा चामल | ४०.० | -११.१ | -११.१ | १४.३ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ४४.० | -१२.० | १०.० | १०.० | ▼ | ▶ | ▶ |
| | सीमी | १२०.० | - | ०.० | ०.० | - | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | -४०.० | २०.० | २०.० | ▼ | ▲ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २३०.० | ४.५ | ०.० | - | ▶ | ▶ | - |
| | भटमासको तेल | ३००.० | ७.१ | ७.१ | ७.१ | ▲ | ▶ | ▶ |
| | सीमी | १२०.० | २०.० | ९.१ | २०.० | ▲ | ▶ | ▲ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ५०.० | ११.१ | -२८.६ | ६६.७ | ▲ | ▼ | ▲ |
| डोल्पा | मोटा चामल | ११०.० | ०.० | १०.० | १०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | -७.१ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २४०.० | ०.० | १४.३ | ४.३ | ▶ | ▲ | ▶ |
| | सीमी | २००.० | -१३.० | -१३.० | ०.० | ▼ | ▼ | ▶ |
| | मास | २००.० | -४.८ | -४.८ | १७.६ | ▶ | ▶ | ▲ |
| | मुसुरो | २१०.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | -१२.५ | -३०.० | -१२.५ | ▼ | ▼ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ र २४४१ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।